# दु:स्वप्न

रात्रिमा
म अचानक कहाली उठेछुँ निसासिएर
मलाई किचेर पर्वतहरूले
असङ्ख्य असङ्ख्य पर्वतहरूले
मेरो आवागमनमा अवरोध बनेर
मेरो स्वतन्त्रता
मेरो विकासको अविरल चाहनामा
बाधा भएर उपस्थित भइरहेको रहेछ
मेरो गतिशीलतालाई अवरुद्ध गरिरहेको रहेछ ।

अन्धकार व्याप्ति भएर मेरो वरिपरि
मेरा सम्पूर्ण परिवेशभरि
मलाई निल्न खोजेझैँ
सहस्र मुख बाएर सुरसाका
सहस्र पाइलाहरूले, हिँड्दै रहेछ
अगाडि बढ्दै रहेछ
सूर्य कता हरायो कुन्नि ?
तेजोमय सूर्य
प्रकाशमय सूर्य
जो मेरो विपनामा सधैँ
ममाथि दिन भएर उदाउने गर्थ्यो
घाम भएर उदाउने गर्थ्यो
विकट बाटाहरूमा पनि उज्यालो भएर
देखा पर्ने गर्थ्यो
मलाई मार्ग प्रशस्त गर्थ्यो
र गर्थ्यो तेजोवध विषाक्त कीटाणुहरूको
अचानक मेरो अगाडि ब्ल्याकआउट भएछ
शहरभरिका
घरभरिका
बत्तीहरू निभेछन्

गहन अन्धकार
(एउटा ग्रहणकालीन स्थिति)
कत्रो असमञ्जस ?
कत्रो भारी फसाद ??
म किङ्कर्तव्य बिमूढ भएछु ।

दाह्रा भएका राक्षसहरू
सिङ उम्रेका दैत्यहरू
(जो पौराणिक कथाहरूमा मात्रै वर्णित छन्)
ङिच्च दाँत देखाउँदै
राल चुहाउँदै
मलाई हेरिरहेका छन्
मेरो आङभरि, शरीरभरि
भएका हजार काँडाहरू उमार्दै
मेरो अस्तित्व समापनको ध्येयले ।

आकाश ओर्लेर तलतल
मलाई थिच्दै रहेछ
एकपटक फेरि मेरो अधिकारको अपहरण गर्न
मलाई व्यामोहका विभ्रान्तिको जङ्गलमा
एक्लै शिकार गर्न
मलाई मोहपाशमा बाँधेर
मेरो सारा स्वतन्त्रता छिन्न
मलाई सधैँ बाँधा बस्ने
व्यवस्थाको पुनः स्थापनाको लागि
सहस्र मुख खोलेर, जुलूसको मुखले
ममाथि कुशासन लाद्ने अधिकार खोज्दो रहेछ
मलाई भयभीत बनाउँदै
त्रस्त वातावरणको सिर्जना गर्दै ।

चारैतिर उठाउँदै पर्खाल
अग्ला-अग्ला बीभत्स पर्खाल
शीशाहरू गाडेर

घेरेर विधुत्का सर्वाङ्ग नाङ्गा तारहरू
मलाई वारिपारि हेर्न
मलाई वारिपारि गर्न
निषेध गर्दो रहेछ
मेरो छातीभित्रको सास थुनिएर
बन्द वातावरणमा
मेरो छातीमाथि एउटा ठूलो ढुङ्गाको दबाब
वजनको दबाब
अहिले म अनुभव गरिरहेछु
म आफूलाई थिचिएको अनुभव गरिरहेछ ।

रात्रिमा
म अचानक कहालिई उठेछु
नमीठो दुःस्वप्नले
मलाई ऐँठन भएछ ।

६ ६ ६